नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## नेपाल बैंक लिमिटेडको ६५ औँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष श्री थान प्रसाद पंज्ञानीज्यूको सभापतित्वमा मिति २०८१ चैत्र ०६ गते बुधबार (तदानुसार १९ मार्च २०२५) का दिन, नेपाल ए.पि.एफ क्लब, हलचोक, काठमाडौँमा बिहान १०:३० बजे शुरु भई बेलुकी ५:१० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी सम्पन्न भएको ६५ औं वार्षिक साधारण सभाको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण देहाय बमोजिम रहेकोले शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. **सभाको सूचना जारी :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८१ फागुन ८ गते बिहीबार बसेको २८ औं बैठकले बैंकको ६५ औं वार्षिक साधारण सभा मिति २०८१ चैत्र ६ गते बुधबारका दिन बिहान १०:३० बजे नेपाल ए.पि.एफ क्लब, हलचोक, काठमाडौँमा बस्ने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८१ फागुन १० गतेको गोरखापत्र दैनिकमा प्रथम पटक, मिति २०८१ फागुन १२ गते दोश्रो पटक र बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको ।

२. **छलफलका विषयहरू :**

क. सामान्य प्रस्तावहरू :

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

४. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने ।

३. **उपस्थिति :**

३.१ सञ्चालकहरू :

| | | |
|---|---|---|
| १. | श्री थान प्रसाद पंज्ञानी | अध्यक्ष |
| २. | श्री गंगाप्रसाद ज्ञवाली | सञ्चालक |
| ३. | श्री साधना घिमिरे | सञ्चालक |
| ४. | डा. चन्द्रबहादुर अधिकारी | स्वतन्त्र सञ्चालक |



नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

### ३.२ पदाधिकारीहरू :

| | | |
|---|---|---|
| १. | श्री तिलक राज पाण्डेय | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नायब प्रमुख कार्यकारी अधिकृत |

### ३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

| | | |
|---|---|---|
| १. | श्री हिरण्य प्रसाद पराजुली | उप महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय (प्रतिनिधि, शेयरधनी नेपाल सरकार) |

### ३.४ प्रतिनिधि तथा पर्यवेक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री लक्ष्मी प्रसाद उपाध्याय | शाखा अधिकृत, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा |
| २. | श्री सूर्य प्रसाद चापागाई | उपरजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |

### ३.५ बाह्य लेखापरीक्षकहरू:

| | | |
|---|---|---|
| १. | श्री मधुवीर पाण्डे | एम.वि पाण्डेय एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्ट्स |
| २. | श्री सृष्टि कोइराला | बि.एण्ड एस एसोसियट्स, चाटर्ड एकाउन्टेण्ट्स |

## ४. शेयरधनीहरूको उपस्थिति तथा गणपूरक संख्या :

| उपस्थित शेयरधनीको संख्या | उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयर | बैंकको कुल शेयर | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| ५५२ | ८,६२,४०,५७० कित्ता | १४,६९,४०,२२९.२७८ कित्ता | ५८.६९ प्रतिशत |

## ५. सभाको वैधानिकता र सभापतित्व :

कम्पनी सचिव श्री केशव प्रसाद भण्डारीले सभा स्थलमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथि महानुभावहरूमा स्वागत अभिवादन तथा उच्च सम्मान व्यक्त गर्दै बैंकको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार साधारण सभाको लागि गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरूमध्ये कम्तीमा तीन जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान भए अनुरूप शेयरधनीको उपस्थितिले आजको सभाको गणपूरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनु भयो ।

कम्पनी सचिवले सभालाई विधिवत् रूपमा अगाडि बढाउने क्रममा साधारण सभाको सभापतित्व गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री थान प्रसाद पंज्ञानीज्यूलाई अनुरोध गर्नुभयो । त्यसपछि क्रमैसँग कम्पनी सचिवले बैंक सञ्चालक समितिका सदस्यहरू, बैंकका पदाधिकारीहरू, प्रतिनिधि तथा पर्यवेक्षकहरू, बैंकको शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र बाह्य लेखापरीक्षकहरूलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरू तथा उपस्थित महानुभावहरूलाई यथास्थानमा आसन ग्रहणं गर्न र सभामा सक्रिय सहभागी हुनका लागि अनुरोध गर्नुभयो ।



नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

आसन ग्रहण र राष्ट्रिय गानको कार्यक्रम पश्चात् पानसमा दीप प्रज्वलन गरेर ६५ औँ वार्षिक साधारण सभाको समुद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री थान प्रसाद पंज्ञानीज्यूले गर्नुभयो ।

तत पश्चात् कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरूको जानकारी सभा समक्ष गराउनु भयो र सञ्चालक समितिको तर्फबाट ६५ औं वार्षिक साधारण सभामा अध्यक्षको मन्तव्य तथा सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

६. अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुति :

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री थान प्रसाद पंज्ञानीज्यूले सहभागी शेयरधनी महानुभावहरू, प्रतिनिधि, पर्यवेक्षक, अतिथिहरू, बैंकको शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षकहरू, नियमनकारी निकायका प्रतिनिधिहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत अभिवादन व्यक्त गर्दै अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको तर्फबाट ६५ औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, साधारण सभामा प्रस्तुत प्रस्तावहरू तथा बैंकको ६५ औं वार्षिक प्रतिवेदनमा छलफल गरी पारित गरिदिनुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

७. प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता :

सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतिले बोल्नुहुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री तिलक राज पाण्डेयले बैंकको वर्तमान अवस्थाको संक्षिप्त जानकारी गराउनु हुँदै बैंकको व्यवसाय विस्तार,सञ्चालन र व्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाउदै आगामी दिनमा अगाडि बढ्ने प्रतिबद्धता सभा समक्ष व्यक्त गर्नुभयो ।

८. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरू :

बैंकको ६५ औं वार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा वार्षिक प्रतिवेदन उपर छलफलमा सहभागी शेयरधनी महानुभावहरूको नामावली :

| | | | | | |
|---|---|---|---|---|---|
| १. | श्री शत्रुघन श्रेष्ठ | ९. | श्री बह्मदेव शाक्य | १७. | श्री उत्सव सुन्दर श्रेष्ठ |
| २. | श्री चन्द्रनारायण श्रेष्ठ | १०. | श्री अमिर दास रञ्जित | १८. | श्री विवेक शम्शेर ज.ब.रा. |
| ३. | श्री गुणराज भट्ट | ११. | श्री भक्ति प्रसाद उप्रेती | १९. | श्री कुवेर लाल श्रेष्ठ |
| ४. | श्री उद्धव प्रसाद घिमिरे | १२. | श्री लवराज जोशी | २०. | श्री विरोचन श्रेष्ठ |
| ५. | श्री सुदिप श्रेष्ठ | १३. | श्री गोगन बहादुर पराजुली क्षेत्री | २१. | श्री बद्री खनाल |
| ६. | श्री इन्द्रप्रसाद लामिछाने | १४. | श्री कृष्णप्रसाद अधिकारी | २२. | श्री हिरण्य प्रसाद पराजुली (नेपाल सरकारको तर्फबाट) |
| ७. | श्री भेषराज भण्डारी | १५. | श्री जयन्द्रमान सिहं बानियाँ | | |
| ८. | श्री निरुपमा गुप्ता | १६. | श्री जिवनलाल ब्रजाचार्य | | |

त्यस्तै, शेयरधनीहरु श्री बैजुनाथ रौनियार, श्री नरसिंह लाल चँखु, श्री गोविन्द बहादुर के.सी., श्री राम गोपाल मर्हजन, तथा श्री जगन्नाथ आचार्यले लिखित सुझाव दिनुभएको थियो ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

९. **शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका जिज्ञासा एवम् सुझावको सारांश :**

साधारण सभामा सहभागी शेयरधनी महानुभावहरूले आफ्नो मन्तव्य मार्फत तथा लिखित रुपमा दिनु भएका सुझावहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

- चालु बर्षको लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी पौष मसान्तभित्रै साधारण सभा सम्पन्न गर्ने ।
- बैंकको व्यवसाय र मुनाफामा वृद्धि गरी आगामी वर्षहरूमा शेयरधनीहरूलाई लाभांश वितरण गर्ने गरी बैंकको काम कारबाही अगाडि बढाउने ।
- साधारण सभा सबै शेयरधनीहरुलाई पायक पर्ने ठाउँमा आयोजन गर्ने ।
- बैंकको खराब कर्जा, अपलेखन गरिएका कर्जाको असुली कार्यलाई प्रभावकारी बनाई खराब कर्जा घटाउने ।
- ग्राहक सन्तुष्ट हुने गरी एवम् गुनासो नआउने गरी ग्राहक सेवालाई छिटो,छरितो र भरपर्दो बनाउने ।
- बैंकको गैह्र ब्याज आम्दानी बढाउने तर्फ विशेष ध्यान दिने ।
- सञ्चालक समिति तथा उप समितिका बैठकलाई मितव्ययी बनाउने ।
- प्रविधिमा आधारित सेवा विस्तारमा जोड दिने । CBS खरिदको प्रकृयालाई चाँडो सम्पन्न गर्ने ।

१०. **शेयरधनीहरूको जिज्ञासा एवम् सुझाव उपर प्रतिउत्तर :**

शेयरधनी महानुभावहरूका जिज्ञासा एवम् सुझाव राख्ने कार्य सम्पन्न भए पश्चात सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षको अनुमतीले छलफल कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरूले बैंकको ६५ औं बार्षिक प्रतिवेदनमा उल्लेख भएका विभिन्न विषय, विवरण, साधारण सभा तथा बैंकको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा राख्नु भएका जिज्ञासाको जवाफ प्रमुख कार्यकारी अधिकृत श्री तिलकराज पाण्डेयले दिनु भयो ।

तत् पश्चात सभाका सभापति तथा बैंक सञ्चालक समितिका अध्यक्षले बैंकको उन्नति तथा प्रगतिका लागि दिनुभएका विभिन्न महत्पूर्ण सुझावका लागि सम्पूर्ण शेयरधनी महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दै शेयरधनी महानुभावहरूले उठाउनु भएका विषयलाई गम्भिरतापूर्वक लिई सुझावहरूको सुक्ष्म रूपमा अध्ययन, विश्लेषण गरी क्रमशः कार्यान्वियन गर्दै लगिने विश्वास सभा समक्ष दिलाउनु भयो । अध्यक्षले बैंकको कार्यशैली बदलेर ग्राहक सन्तुष्ट हुने गरी एवम् गुनासो नआउने गरी बैंकको सेवा प्रवाहमा सुधार ल्याउन सञ्चालक समितिको तर्फबाट अधिकतम प्रयास गर्ने, CBS खरिदको प्रकृयालाई छिटो टुङ्गोमा पुऱ्याउने, प्रविधिमा आधारीत सेवाका लागि डिजिटाइजेसनमा जोड दिने र कर्मचारीको वृत्ति विकास, उत्प्रेरणा तथा बैंकको कार्य सम्पादनमा अभिवृद्धि हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यलाई छिटो सम्पन्न गर्ने साथै कर्मचारीको उत्पादकत्वमा वृद्धि गर्न निरन्तर पहल गर्ने जानकारी समेत सभा समक्ष गराउनु भयो । त्यसै गरी उहाँले खराब कर्जा तथा अपलेखित कर्जा असुलीको कार्यलाई कार्यतालिका बनाई नतिजा देखिने गरी काम गर्ने, बैंकको मुनाफामा वृद्धि गरी सर्वसाधारण शेयरधनी तथा नेपाल सरकार दुवैको लगानीको प्रतिफल सुनिश्चित गर्न सञ्चालक समितिको तर्फबाट अधिकतम प्रयास गर्ने र शेयधनी महानुभावहरुले दिनु भएका अन्य सुझावहरू समेत क्रमश कार्यान्वयन गर्ने प्रतिबद्धता सभा समक्ष व्यक्त गर्नु भयो ।



नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

११. **सभाको निर्णय :**

सामान्य प्रस्तावहरू :

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा ११ (२) मा भएको व्यवस्था अनुरूप महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भए बमोजिम तीन जना चाटर्ड एकाउन्टेन्टहरू श्री प्रदिप कुमार श्रेष्ठ, श्री मधुविर पाण्डे र श्री सृष्टि कोइरालालाई लेखापरीक्षणसँग सम्बन्धित अन्य खर्च बैंक नियमानुसर हुनेगरी प्रत्येक लेखापरीक्षकलाई समान रकम प्रदान गर्ने गरी भ्याट समेत जम्मा रू.४४,०७,०००/- (अक्षेरूपी चौवालीस लाख सात हजार) पारिश्रमिक प्रदान गर्ने र आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने कार्यतालिका समेत रहेकोमा सम्मानित उच्च अदालत पाटनको मिति २०८१ चैत्र ५ गतेको अल्पकालिन अन्तरिम आदेशबाट रोकिएको जानकारी सभा समक्ष गराईयो ।

१२. **धन्यवाद ज्ञापन तथा सभाको समापन :**

बैंक सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापतिले सभामा सहभागी भई साधारण सभालाई सफल पार्न सहयोग गर्नुहुने शेयरधनी तथा सम्पूर्ण महानुभावहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । साथै, बैंकप्रति सदैव विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरू, ग्राहक महानुभावहरू, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायत सम्पूर्ण नियमनकारी निकायहरू, बैंकका सम्पूर्ण कर्मचारीहरू तथा सरोकारवालाहरूबाट विगतमा जस्तै निरन्तर साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै सभाको समापन गर्नुभयो ।

( केशव प्रसाद भण्डारी )
सचिव

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
सञ्चालक समितिको सचिवालय

( थानप्रसाद पंज्ञानी )
अध्यक्ष